एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

स्वीकृत मिति: २०८२।०६।२८

प्रस्तावना: बागमती प्रदेशभित्रका जिल्लाहरुले आफ्नो पहिचान बनाउन सक्ने कुनै एक कृषि, पशुपन्छी तथा मत्स्यजन्य बाली वस्तुको उत्पादन, प्रशोधन तथा बजारीकरण प्रबर्धन गरी कृषि उत्पादनमा आत्मनिर्भर जिल्ला निर्माण गर्न टेवा पुऱ्याउने हेतुले विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी र नतिजामूलक बनाउन वाञ्छनीय भएकोले, प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"कार्यक्रम"** भन्नाले वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएको एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम सम्झनुपर्छ।

(ख) **"कार्यालय"** भन्नाले निर्देशनालय मातहतको जिल्लास्थित कृषि विकास कार्यालय र पशु सेवा कार्यालय सम्झनुपर्छ।

(ग) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

(घ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनुपर्छ।

(ङ) **"प्रस्तावक"** भन्नाले यस कार्यविधि र सार्वजनिक सूचना मुताबिक कार्यक्रममा सहभागी हुन प्रस्ताव पेस गर्ने कृषक समूह/कृषि सहकारी/निजी फार्म/उद्यमी/कम्पनी, जल उपभोक्ता/वन उपभोक्ता/कृषि बजार समितिलाई सम्झनुपर्छ।

(च) **"प्रोत्साहन अनुदान रकम दुरुपयोग"** भन्नाले सरकारले प्रदान गरेको प्रोत्साहन अनुदान रकमबाट निर्मित कृषि पूर्वाधार संरचना, खरिद गरिएका यन्त्र उपकरण तथा उत्पादन सामग्रीलाई कार्यक्रमको मर्म, उद्देश्य र सम्झौतामा तोकिएको शर्त

तथा प्रतिबद्धता विपरीत प्रयोग वा सञ्चालन गर्ने कार्यलाई जनाउँछ। साथै, दोहोरो अनुदान सुविधा लिने, सम्झौता बमोजिम तोकिएको न्यूनतम अवधिसम्म व्यवसाय निरन्तर सञ्चालन नगर्ने, वा पूर्ण वा आंशिक रुपमा व्यवसाय, संरचना तथा सामग्री बिक्री गर्ने जस्ता कार्यहरु समेत यस दुरुपयोग अन्तर्गत सम्झनु पर्छ।

(छ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश सम्झनुपर्छ।

(ज) **"लाभग्राही"** भन्नाले निर्देशनालय वा कार्यालयबाट सञ्चालन भएको कार्यक्रम अन्तर्गत सम्झौता गरी काम सम्पन्न गरेपछि भुक्तानी प्राप्त गर्ने साझेदारलाई सम्झनुपर्छ।

(झ) **"साझेदार"** भन्नाले सम्बन्धित निर्देशनालय वा कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको लागि छनोटमा परी सम्झौता गरेका प्रस्तावक सम्झनुपर्छ।

(ञ) **"स्थानीय तह"** भन्नाले प्रदेशभित्र रहेका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्छ।

परिच्छेद-२

संस्थागत व्यवस्था

३. **विशेष पकेट क्षेत्र निर्देशक समितिः** (१) कार्यक्रम कार्यान्वयनका लागि नीतिगत विषयमा आवश्यक निर्देशन दिन मन्त्रालयमा देहाय बमोजिमको निर्देशक समिति रहनेछ।

(क) माननीय मन्त्री, मन्त्रालय	-अध्यक्ष
(ख) सदस्य (कृषि हेर्ने), प्रदेश नीति तथा योजना आयोग	-सदस्य
(ग) सचिव, मन्त्रालय	-सदस्य
(घ) प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय	-सदस्य
(ङ) निर्देशक, कृषि/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय	- सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विशेष पकेट क्षेत्र सिफारिस समितिबाट छनोटका लागि सिफारिस भई आएका पकेट क्षेत्रहरु मध्येबाट एउटा जिल्लामा एक बाली/वस्तु छनोट गरी विशेष पकेट क्षेत्र निर्धारण गर्ने,

(ख) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने,

(ग) कार्यक्रम सञ्चालनका क्रममा आइपरेका बाधा अड्चन फुकाउने।

मा. मधुसूदन पौडेल
मन्त्री

४. <u>विशेष पकेट क्षेत्र सिफारिस समिति:</u> (१) विशेष पकेट क्षेत्र निर्धारण र बाली वस्तु छनोटका लागि जिल्लास्तरमा देकाय बमोजिमको विशेष पकेट क्षेत्र सिफारिस समिति रहनेछ।

(क) प्रमुख, जिल्ला समन्वय समिति - संयोजक

(ख) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति - सदस्य

(ग) प्रमुख, कार्यक्रम कार्यान्वयन एकाई, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम - सदस्य

(घ) प्रमुख, सम्बन्धित कार्यालय - सदस्य

(ङ) अधिकृत, कार्यक्रम हेर्ने शाखा, कार्यालय - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा दुई जनालाई विषय विज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) दफा ५(१) को मूल्याङ्कन समितिको सिफारिसबमोजिम भौगोलिक सम्भाव्यता, तुलनात्मक लाभ र स्थानीय तहको मागका आधारमा जिल्ला चिनाउने उपयुक्त बाली/वस्तु र क्षेत्र छनोटका लागि निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(ख) सिफारिस समितिले बढीमा ३ वटासम्म विशेष पकेट क्षेत्र सिफारिस गर्न सक्ने,

(ग) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनमा आएका समस्या समाधान गर्न सकिने भए समाधानको लागि सहजीकरण गर्ने र नसकिने भए निर्देशक समिति समक्ष सिफारिस गर्ने।

५. <u>मूल्याङ्कन समिति:</u> (१) विशेष पकेट क्षेत्र निर्धारण र बाली वस्तु छनोटका लागि प्रतिवेदन तयार गर्न तथा स्वीकृत कार्यक्रम अन्तर्गत प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारस गर्न कार्यालयमा देहायबमोजिमको मूल्याङ्कन समिति रहनेछ।

(क) प्रमुख वा निजले तोकेको वरिष्ठतम अधिकृत, कार्यालय - संयोजक

(ख) कार्यक्रम हेर्ने अधिकृत, सम्बन्धित शाखा, कार्यालय - सदस्य

(ग) योजना हेर्ने अधिकृत, कार्यालय - सदस्य

(घ) अधिकृत, आर्थिक प्रशासन शाखा, कार्यालय -सदस्य

(ङ) प्रमुख, खरिद एकाइ, कार्यालय -सदस्य सचिव

(२) समितिले बैठकमा आवश्यकता अनुसार बढीमा दुई जना विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

मा. मधुसूदन पौडेल

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहहरुबाट अनुसूची-१(क)/(ख) बमोजिमको निवेदन फाराम र अनुसूची-२ बमोजिमको न्यूनतम मापदण्डका आधारमा प्राप्त प्रस्तावित पकेट क्षेत्रको मूल्याङ्कन गरी कार्यालय मार्फत विशेष पकेट क्षेत्र सिफारिस समितिमा पठाउन सिफारिस गर्ने,

(ख) निर्देशक समितिबाट निर्धारित विशेष पकेट क्षेत्रभित्रबाट कार्यक्रममा भाग लिन पेस भएका प्रस्तावहरुको अनुसूची-१० बमोजिमको मापदण्डका आधारमा मूल्याङ्कन गरी कार्यालय समक्ष छनोटका लागि सिफारिस गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनको लागि सहजीकरण गर्ने,

(घ) निर्देशक समितिले तोकेबमोजिम अन्य कामकारबाही गर्ने,

परिच्छेद-३
विशेष पकेट क्षेत्र माग

६. <u>कार्यक्रम सञ्चालन हुने स्थानः</u> कार्यक्रम बागमती प्रदेशका सबै जिल्लाहरुमा सञ्चालन हुनेछ।

७. <u>विशेष पकेट क्षेत्रको माग गर्नेः</u> कार्यालयले जिल्लाभित्रका स्थानीय तहहरुलाई १५ दिनको म्याद दिई विशेष पकेट क्षेत्र छनोट गर्न पत्राचार गर्नुपर्नेछ।

८. <u>बाली/वस्तु छनोट र क्षेत्र निर्धारणका लागि अनुरोधपत्र पेस गर्नेः</u> (१) दफा ७ बमोजिम कार्यालयबाट पत्र प्राप्त भए पश्चात स्थानीय तहले कृषि/पशुपन्छी/मत्स्य प्राविधिकबाट स्थलगत अनुगमन समेत गराई अनुसूची-१(क)/(ख) बमोजिमको ढाँचामा विवरण भरी प्रस्तावित बाली/वस्तु छनोट र क्षेत्र निर्धारणका लागि कार्यालयमा अनुरोधपत्र पेस गर्नु पर्नेछ।

(२) जिल्लाभित्रका एक वा सो भन्दा बढी स्थानीय तहहरुले छुट्टाछुट्टै वा संयुक्त रुपमा अनुरोधपत्र पेस गर्न सक्नेछन्। अनुरोधपत्र पेस गर्दा एक भन्दा बढी वडा समेटिने गरी कुनै एक बाली/वस्तु मात्र छनोट गर्नुपर्नेछ। यसरी छनोट गरेका बाली/वस्तुको उत्पादनले भविष्यमा जिल्लाको दिगो पहिचान बनाउन सक्ने हुनुपर्नेछ।

(३) जिल्लाभित्रका एक भन्दा बढी स्थानीय तहले एउटै बाली/वस्तुका लागि विशेष पकेट सञ्चालन गर्ने अनुरोधपत्र पेस गरेमा सिफारिस समितिले क्लस्टर बनाई विशेष पकेट क्षेत्र सिफारिस गर्न सक्नेछ।

(४) छनोटका लागि सिफारिस गरिएको बाली/वस्तु र क्षेत्र सङ्घीय सरकारद्वारा सञ्चालित राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको जोन, सुपरजोन, उक्त कार्यक्रमबाटै

कार्यालयमार्फत सञ्चालित ब्लक र समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रममा छनोट/सञ्चालन भएका बाली/वस्तुसँग दोहोरोपना नहुने गरी अनुरोधपत्र पेस गर्नुपर्नेछ।

(५) अनुसूची-३ बमोजिम जिल्लाका प्राथमिक बाली/वस्तु वा राष्ट्रिय/जिल्लागत तथ्याङ्कसँग नबाझिने गरी अनुसूची-२ बमोजिमको न्यूनतम मापदण्ड पुरा गरेका विशेष महत्वको बाली/वस्तुमध्येबाट क्षेत्र निर्धारण गर्नुपर्नेछ।

(६) एउटा जिल्लामा एक बाली/वस्तुका लागि मात्र कार्यक्रम सञ्चालन हुनेछ र एक पटक छनोट भएको बाली/वस्तु परिवर्तन गर्न पाईने छैन।

परिच्छेद-४
विशेष पकेट क्षेत्र भित्र कार्यक्रम सञ्चालन प्रक्रिया

९. <u>प्रस्ताव आह्वानः</u> (१) निर्देशनालय/कार्यालयले कार्यक्रममा सहभागी हुन विशेष पकेट क्षेत्र भित्रका इच्छुक प्रस्तावकहरुलाई लक्षित गरी प्रस्ताव पेस गर्न २१ (एक्काइस) दिनको म्याद राखी अनुसूची-४ बमोजिमको सार्वजनिक सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा निर्देशनालय/कार्यालयले न्यूनतम ७ (सात) दिनको समयसीमा राखी १ (एक) पटकको लागि प्रस्ताव आह्वानको पुनः सूचना प्रकाशन गर्न सक्नेछ।

१०. प्रस्ताव दर्ताः कार्यक्रममा सहभागी हुन सम्बन्धित कार्यक्रमको मापदण्ड वा शर्तहरु पुरा गरेका इच्छुक प्रस्तावकले दफा ९ मा उल्लिखित समयसीमा भित्र अनुसूची-६ बमोजिमको प्रस्ताव-पत्र, अनुसूची-७ बमोजिमको प्रतिबद्धता पत्र, अनुसूची-८ बमोजिमको कार्यक्रम सञ्चालन हुने स्थानको नक्सा लगायत अनुसूची-१ मा उल्लिखित आवश्यक कागजात सहित अनुसूची-५ को ढाँचामा निवेदन निर्देशनालय/कार्यालय वा सम्बन्धित कार्यालयको सेवा केन्द्रमा दर्ता गर्नु पर्नेछ।

११. प्रारम्भिक सूची तयार गर्नेः (१) निर्देशनालय/कार्यालयले दर्ता भएका प्रस्तावहरुको सूचनामा माग भएका संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु सबै समावेश भए नभएको र भर्नु पर्ने विवरणहरु सबै भरे नभरेको चेकलिष्ट अनुसार रुजु गरी प्रारम्भिक सूची तयार गर्नेछ। रीत नपुगेका प्रस्तावहरुलाई कार्यालयले मूल्याङ्कन प्रक्रियामा समावेश गराउने छैन।

(२) तयार भएको प्रारम्भिक सूची र सम्पूर्ण कागजातहरु निर्देशनालय/कार्यालयले मूल्याङ्कन समितिलाई मूल्याङ्कनको लागि उपलब्ध गराउनेछ।

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

१२. <u>स्थलगत प्रमाणीकरण तथा मूल्याङ्कनः</u> (१) निर्देशनालय/कार्यालयले तयार गरेको प्रारम्भिक सूची अनुसारका प्रस्तावहरु मूल्याङ्कन समितिले आवश्यक कागजात र विवरण रीतपूर्वक भए नभएको यकिन गरी स्थलगत प्रमाणीकरणको लागि छनोट भएका प्रस्तावकको सूची निर्देशनालय/कार्यालय समक्ष पेस गर्नेछ। निर्देशनालय/कार्यालयले अनुसूची-९ को चेकलिस्ट बमोजिम प्राप्त सूचीका प्रस्तावकहरुको स्थलगत प्रमाणीकरण गर्नेछ।

(२) आवश्यक ठानेमा मूल्याङ्कन समितिले समेत स्थलगत प्रमाणीकरण गर्न गराउन सक्नेछ।

(३) मूल्याङ्कन समितिले प्राप्त प्रस्ताव, संलग्न कागजात र स्थलगत प्रतिवेदनको आधारमा अनुसूची-१० बमोजिम मूल्याङ्कन गरी ५० (पचास) प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकहरुको योग्यताक्रम सूची तयार गरी छनोटका लागि निर्देशनालय/कार्यालय समक्ष सिफारिस गर्नेछ।

१३. <u>प्रस्ताव छनोटको जानकारी तथा स्वीकृतिः</u> (१) योग्यताक्रम सूचीका प्रस्तावहरु बारे गुनासो पेस गर्न ७ (सात) दिनको समयसीमा राखी निर्देशनालय/कार्यालयले आशयको सूचना प्रकाशन गर्नेछ।

(२) लिखित गुनासो पेस हुन आएमा उक्त गुनासो फछ्र्यौट गरेर मात्र अन्तिम योग्यताक्रम सूची प्रकाशन गर्नु पर्नेछ।

(३) निर्देशनालय/कार्यालयले अन्तिम योग्यताक्रम सूचीबाट योगतयताक्रमको आधारमा छनोट गरी प्रस्ताव स्वीकृत गर्नेछ।

(४) छनोट भएका प्रस्तावकहरुलाई छनोट भएको जानकारी दिन र अधिकतम १५ दिनभित्र सम्झौता गर्न आउन वेबसाइट वा कार्यालयको आधिकारिक सोसल मिडियामार्फत सूचना प्रकाशन गरी आह्वान गर्नेछ।

(५) निर्देशनालय/कार्यालयले सञ्चालन हुने कार्यक्रम/क्रियाकलाप अनुसारको प्राविधिक मापदण्ड निर्धारण गरी स्वीकृत गर्नेछ।

(६) निर्देशनालय/कार्यालयले साझेदारलाई मापदण्ड अनुसार लागत अनुमान तयार गर्न स्वीकृत प्राविधिक मापदण्ड उपलब्ध गराउनु पर्नेछ।

१४. <u>सम्झौताः</u> (१) छनोट भएका प्रस्तावकहरुसँग निर्देशनालय/कार्यालयले अनुसूची-११ बमोजिम सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नेछ।

(२) छनोट भएका प्रस्तावकहरु समय सीमाभित्र सम्झौता गर्न नआएमा वैकल्पिक योग्यताक्रम सूचीका प्रस्तावकलाई बढीमा ७ (सात) दिनको समयसीमा तोकी सम्झौताको लागि योग्यताक्रम अनुसार क्रमशः पत्राचार गरिने छ।

मधुसुदन पौडेल

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(३) सम्बन्धित कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरुको स्वीकृत प्राविधिक मापदण्डको आधारमा साझेदारले तयार गरेको लागत अनुमान र कार्यान्वयन कार्ययोजना निर्देशनालय/कार्यालयले पेस भए बमोजिम वा आवश्यक भए परिमार्जनसहित सम्झौता पूर्व नियमानुसार स्वीकृत गर्नेछ।

(४) साझेदारले सम्झौता गर्नु अघि अनुसूची-१२ बमोजिम स्व-घोषणा पत्र पेस गर्नु पर्नेछ।

१५. <u>कार्यक्रम सञ्चालनका क्षेत्रहरु:</u> यस कार्यक्रममा देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) कृषि/पशुपन्छी/मत्स्यजन्य उत्पादनमा सहयोग तथा उत्पादन सम्बद्ध पूर्वाधार निर्माण,

(ख) उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणका लागि आवश्यक यन्त्र, उपकरण, मेसिनरी, पूर्वाधार निर्माण,

(ग) उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरण प्रविधि सम्बन्धी ज्ञान, सीप र क्षमता विकास।

परिच्छेद-५
आर्थिक पक्ष

१६. <u>साझेदार रकमः</u> (१) सम्झौतामा उल्लिखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही प्रति साझेदार फार्म/कम्पनीलको लागि अधिकतम ५ (पाँच) लाख रुपैयाँसम्म र समूह/सहकारीको हकमा अधिकतम १० (दश) लाख रुपैयाँसम्म सहयोग रकम उपलब्ध गराउन सकिनेछ। पुँजीगत प्रकृतिका निर्माण कार्यहरूमा कुल लागतको बढीमा ८० (असी) प्रतिशत, चालु प्रकृतिका उत्पादन सामग्री र मेसिनरी उपकरणहरूमा कुल लागतको बढीमा ५० (पचास) प्रतिशतसम्म अनुदान रकम प्रदान गर्न सकिनेछ। साथै, साझेदारको मागअनुसारका क्रियाकलापहरूमध्ये प्राविधिक आवश्यकता पर्ने क्षमता विकाससम्बन्धी तालिमहरू सम्बन्धित कार्यालयबाट सम्झौताबमोजिम सञ्चालन गर्न सकिनेछ, जसका लागि लागत साझेदारीको व्यवस्था आवश्यक हुने छैन।

(२) कार्यक्रम बजेटको २ (दुई) प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याउन सकिनेछ। उक्त रकम सूचना प्रकाशन, बैठक भत्ता, इन्धन, स्टेसनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण, प्रमाणीकरण तथा अनुगमन मूल्याङ्कन, अभिमुखीकरण आदिमा खर्च गर्न सकिनेछ।

मा. मधुसूदन पौडेल

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

१७. भुक्तानीः (१) यस कार्यक्रमका लागि स्वीकृत बजेटको परिधिभित्र रही रकम खर्च गर्नुपर्नेछ।

(२) साझेदारले बिल, भरपाई, सम्बन्धित प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन तथा कार्यसम्पन्न खुल्ने फोटो सहित तोकिएको समयभित्रै निर्देशनालय/कार्यालयमा भुक्तानीका लागि निवेदन पेस गर्नु पर्नेछ।

(३) भुक्तानीको लागि निवेदन प्राप्त भएपछि निर्देशनालय/कार्यालयले सम्बन्धित विषय क्षेत्रका प्राविधिकबाट स्थलगत अनुगमन निरीक्षण गराउनेछ।

(४) उपदफा (२) बमोजिम साझेदारले निवेदनका साथ पेस गरेको कागजात र निर्देशनालय/कार्यालयले खटाएको प्राविधिकले स्थलगत निरीक्षण गरी तयार गरेको प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा स्वीकृत प्राविधिक मापदण्ड पुरा गरी कार्यसम्पन्न भए नभएको र रीतपूर्वक सम्पूर्ण कागजात संलग्न भए नभएको यकिन गरी निर्देशनालय/कार्यालयले साझेदारको बैङ्क खातामार्फत भुक्तानी गर्नेछ।

(५) सम्झौता भएको मिति भन्दा पहिले नै सम्पन्न भएका कार्यका लागि प्रोत्साहन रकम उपलब्ध गराइने छैन।

परिच्छेद-६
विविध

१८. प्रस्ताव छनोट सम्बन्धी अन्य शर्तः (१) गत आर्थिक वर्षमा मन्त्रालय वा मातहतका कार्यालयमार्फत कृषि क्षेत्रको विकासका लागि अनुदान प्राप्त गरेका लाभग्राहीलाई चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी गराईने छैन। यस सम्बन्धमा चालु आर्थिक वर्षमा अनुदान प्रवाह गर्ने निर्देशनालय/कार्यालयले दफा ११ बमोजिम प्रारम्भिक सूची तयार गर्ने क्रममा, गत आर्थिक वर्षमा सम्बन्धित प्रस्तावकले अनुदान प्राप्त गरेको वा नगरेको विवरण सम्बन्धित निर्देशनालय वा कार्यालयसँग पत्राचार गरी अनिवार्य रूपमा यकिन गर्नुपर्नेछ।

(२) प्रस्तावकले चालु आर्थिक वर्षमा मन्त्रालय तथा मातहतका निर्देशनालय/कार्यालय, स्थानीय तह वा संघीय सरकारबाट सञ्चालित परियोजनाबाट सोही कार्यक्रम/क्रियाकलापका लागि अनुदान प्राप्त नगरेको बेहोरा खुल्ने स्व-घोषणा पेस गर्नुपर्नेछ। अन्य निकायबाट दोहोरो अनुदान प्राप्त भएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानुन बमोजिम आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

मा. मधुसूदन पौडेल
मन्त्री

(३) समूह सहकारीमा आबद्ध कृषकमध्ये गत आर्थिक वर्षमा अनुदान सहयोग प्राप्त गरेका बाहेक सोही समूह सहकारीका अन्य कृषक चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी हुन सक्नेछन्।

(४) विपत्बाट क्षति बापतको राहत रकम, बर्ड फ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुको लागि उपलब्ध गराइएको क्षति रकम, साइलेज प्रोत्साहन, विद्युत महशुलमा छुट, बिउ/बेर्ना/बिरुवा र नश्ल/भुरा वितरण, जग्गा भाडामा अनुदान, ब्याज अनुदान, क्षेत्रफल/उत्पादनमा आधारित बिउ/घाँस/दुधमा प्रोत्साहन अनुदान तथा कार्यालयबाट सञ्चालित चिकित्सा सेवा, प्रयोगशाला सेवा, कृत्रिम गर्भाधान सेवा वा कार्यालयबाट उपलब्ध गराइने औषधी/खनिज/भिटामिन/हर्मोन/मल/विषादी/सुक्ष्म तत्व/कृषि चुन जस्ता सेवाटेवा कार्यक्रममार्फत अनुदान सहयोग प्राप्त गरेका कृषकले यस कार्यविधिबमोजिमका कार्यक्रम र अन्य अनुदान कार्यक्रममा समेत सहभागी हुन सक्नेछन्।

१९. <u>सम्पर्क व्यक्ति तोक्नुपर्ने:</u> कार्यक्रमको कार्यान्वयनमा आवश्यक सहजीकरण, तथ्याङ्क संकलन तथा प्रतिवेदन तयारीको लागि निर्देशनालय र कार्यालयमा अधिकृतस्तरको एक/एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्नुपर्नेछ।

२०. <u>सार्वजनिक सूचना पाटी सम्बन्धी व्यवस्था:</u> प्रोत्साहन रकम प्राप्त गर्ने लाभग्राहीले अनुसूची-१३ बमोजिम सार्वजनिक सूचना पाटी सबैले देख्ने गरी कार्यक्रम सञ्चालन हुने स्थलमा टाँस गर्नु पर्नेछ।

२१. <u>विवरण उपलब्ध गराउने:</u> स्वीकृत वार्षिक कार्यक्रम सम्पन्न भएपश्चात निर्देशनालय तथा कार्यालयले लाभग्राहीको विवरण नियमित अध्यावधिक गरी प्रकाशन एवं सम्बन्धित माथिल्लो निकायमा पठाउनु पर्नेछ।

२२. <u>अनुगमन तथा निरीक्षण:</u> मन्त्रालय/निर्देशनालय तथा कार्यालयले कार्यक्रम कार्यान्वयनको चरणमा वा कार्यसम्पन्न पश्चात आवश्यकता अनुसार छुट्टाछुट्टै वा संयुक्त अनुगमन निरीक्षण गर्न सक्नेछ। यसरी भएको अनुगमनबाट दिइएको मौखिक वा लिखित पृष्ठपोषण पालन गर्नु साझेदारको कर्तव्य हुनेछ। साथै, मन्त्रालय/निर्देशनालय तथा कार्यालयले अनुगमन प्रतिवेदनको सुझाव र पृष्ठपोषणलाई आगामी दिनमा मागमा आधारित कार्यक्रम तर्जुमा गर्न र प्रभावकारी कार्यान्वयनका लागि आधारको रुपमा लिनेछन्।

मा. मधुसूदन पौडेल

२३. <u>कारबाही सम्बन्धी व्यवस्था:</u> साझेदारले लिएको प्रोत्साहन अनुदान रकम दुरुपयोग गरेको पाईएमा निजलाई नकारात्मक सूचीमा सूचीकृत गरी प्रचलित कानुनबमोजिम सरकारी बाँकी सरह असुल उपर गर्न प्रक्रिया अगाडि बढाइनेछ।

२४. <u>संशोधन:</u> यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ। आर्थिक दायित्वको विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई संशोधन गरिनेछ।

२५. <u>प्रचलित कानुनबमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानुनसँग बाँझिएमा प्रचलित कानुनबमोजिम नै हुनेछ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची १ (क)

(दफा ५ को उपदफा ३(क) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित (कृषि बाली))

स्थानीय तहले दिने निवेदन फारामः

१. स्थानीय तहको नामः

ठेगानाः

२. कार्यक्रमका लागि प्रस्तावित :

बाली	
वडा नं. (एक भन्दा बढी)	
प्रस्तावित बालीको क्षेत्रफल (रोपनी/हेक्टर):	

३. सङ्क्षिप्त विवरण (स्थानीय तहसँग सम्बन्धित) :

(क) स्थानीय तहको परिचय :

जम्मा कृषक घरधुरी :

(ख) कृषि बाली तर्फ :

प्रस्तावित बालीका लागि कृषक घरधुरी	
प्रस्तावित बाली छनोट गर्नुको उपयुक्त कारणहरु (भौगोलिक उपयुक्तता, प्राविधिक उपयुक्तता, कृषकको माग, क्षेत्र विस्तार र उत्पादनमा वृद्धि को सम्भाव्यता)	
प्रस्तावित बाली उत्पादनका लागि आवश्यक पूर्वाधारको अवस्था	

४. प्रस्तावित बालीको हालको अवस्था :

उत्पादनः

उत्पादकत्वः

क्षेत्र विस्तार हुन सक्ने सम्भाव्यताः

हालको उत्पादनमा थप हुन सक्ने उत्पादनः

उत्पादन वृद्धिको सम्भाव्यता :

५. कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलः

६. चुनौती र अवसर :

कार्यक्रमका लागि सम्पर्क व्यक्ति :

नामथर :

सम्पर्क नं :

प्रमुख प्रशासकिय अधिकृतः हस्ताक्षरः	स्थानीय तहको प्रमुख/अध्यक्षः हस्ताक्षरः

स्थानीय तहको छाप

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची १ (ख)

(दफा ५ को उपदफा ३(क) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित (पशुपन्छी तथा मत्स्य))

स्थानीय तहले दिने निवेदन फारामः

१. स्थानीय तहको नामः

ठेगानाः

२. कार्यक्रमका लागि प्रस्तावित :

पशुपन्छी/मत्स्य	
वडा नं. (एक भन्दा बढी)	
प्रस्तावित वस्तुको संख्या/क्षेत्रफल	

३. संक्षिप्त विवरण (स्थानीय तहसँग सम्बन्धित) :

क. स्थानीय तहको परिचय :

जम्माका पशुपालन/मत्स्य कृषक घरधुरी :

ख. पशुपन्छी/मत्स्य तर्फ :

प्रस्तावित वस्तुका लागि कृषक घरधुरी	
प्रस्तावित वस्तु छनोट गर्नुको उपयुक्त कारणहरु (भौगोलिक उपयुक्तता, प्राविधिक उपयुक्तता, कृषकको माग, क्षेत्र विस्तार र उत्पादनमा वृद्धि को सम्भाव्यता)	
प्रस्तावित वस्तु उत्पादनका लागि आवश्यक पूर्वाधारको अवस्था	

४. प्रस्तावित वस्तुको हालको अवस्था :

उत्पादनः

उत्पादकत्वः

संख्या विस्तारबाट हुनसक्ने सम्भाव्यताः

हालको उत्पादनमा थप हुन सक्ने उत्पादनः

उत्पादन वृद्धिको सम्भाव्यता :

५. कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलः

६. चुनौती र अवसर :

कार्यक्रमका लागि सम्पर्क व्यक्ति :

नाम, थर :

सम्पर्क नं :

प्रमुख प्रशासकीय अधिकृतः हस्ताक्षरः	स्थानीय तहको प्रमुख/अध्यक्षः हस्ताक्षरः

स्थानीय तहको छाप

मा. मधुसुदन पौडेल

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

अनुसूची २

(दफा ५ को उपदफा ३(क) र दफा ८ को उपदफा (५) सँग सम्बन्धित)

विशेष पकेट क्षेत्रको क्षेत्रफल/सङ्ख्याको न्यूनतम मापदण्ड

क्र.सं.	बाली/वस्तु	एकाइ	न्यूनतम मापदण्ड (हे./सङ्ख्या/के.जी.)				कैफियत
			भित्री मधेश	पहाड	उच्चपहाड	उपत्यका	
१	खाद्यान्न बाली	हेक्टर	१००	७५	५०	४०	
२	फलफूल	हेक्टर	५०	४०	४०	३५	
३	आलु	हेक्टर	५०	५०	५०	३५	
४	तरकारी	हेक्टर	४०	३०	२५	२५	
५	तरकारी (संरक्षित संरचना)	हेक्टर	७	७	५	५	
६	पुष्प (संरक्षित संरचना)	हेक्टर	७	७	५	५	
७	पुष्प (खुल्ला खेती)	हेक्टर	१५	१०	५	५	
८	च्याउ (कन्ये)	के.जी.	१५०००	१५०००	१५०००	१५०००	च्याउको बिउ
९	च्याउ (गोब्रे)	के.जी.	२०००	२०००	२०००	२०००	
१०	च्याउ (सिताके)	मुडा		२००००	२००००	२००००	
११	मौरी	घार	१५००	१०००	८००	८००	
१२	चिया/कफी	हेक्टर		४०	३०	३०	उच्चपहाड मा चिया मात्र
१३	मसला बाली	हेक्टर	५०	४०	३५	३५	
१४	दलहन/तेलहन	हेक्टर	७०	५०	३०	३०	
१५	रैथाने/स्थानीय बाली	हेक्टर	६०	५०	५०	४०	
१६	माछा (जलासय क्षेत्र)	हेक्टर	४०	२०	१५	१५	
१७	ट्राउट माछा (रेसवे)	वर्ग मि.		१५००	१०००	१०००	
१८	माउ गाई	वटा	४००	३५०	२५०	२५०	
१९	माउ भैंसी	वटा	३००	२५०	२००	१५०	
२०	माउ बाखा	वटा	३०००	२५००	२०००	२०००	
२१	माउ बंगुर	वटा	२००	२००	१५०	२००	

अनुसूची-३

(दफा ८ को उपदफा (५) सँग सम्बन्धित)

जिल्लागत प्राथमिकताका कृषि बाली, पशुपन्छी तथा मत्स्य

क.सं.	जिल्ला	कृषिजन्य बाली	पशुपन्छी तथा मत्स्य
१	रामेछाप	धान, मकै, गहुँ, कोदो, फापर, तरकारी, आलु, दलहन, तोरी, अदुवा, बेसार, अलैंची, चिया, कफी, च्याउ, मौरी, जुनार, सुन्तला, किवी, कागती, स्याउ	चौंरी, रेन्बो ट्राउट, गाई र बाख्रा
२	सिन्धुली	धान, मकै, गहुँ, कोदो, फापर, तरकारी, आलु, तोरी, भटमास, अदुवा, लसुन, कफी, च्याउ, मौरी, कागती, जुनार, सुन्तला, भुइँकटहर, आँप, केरा, एभोकाडो	बाख्रा, माछा, गाई, भैंसी, बंगुर
३	दोलखा	धान, मकै, गहुँ, कोदो, फापर, तरकारी, आलु, लसुन, अदुवा, बेसार, अलैंची, चिया, कफी, च्याउ, मौरी, किवी, केरा, स्याउ, कागती,	चौंरी, रेन्बो ट्राउट, भेडा, गाई, बाख्रा
४	सिन्धुपाल्चोक	धान, मकै, गहुँ, कोदो, तरकारी, आलु, दलहन, अदुवा, लसुन,अलैंची, बेसार, चिया, कफी, पुष्प, च्याउ, मौरी, सुन्तला, कागती, किवी	चौंरी, रेन्बो ट्राउट, भेडा, गाई, भैंसी, बाख्रा
५	काभ्रेपलाञ्चोक	धान, मकै, गहुँ, कोदो, तरकारी, आलु, अदुवा, बेसार, कफी, पुष्प, च्याउ, किवी, स्ट्रबेरी, कागती, लप्सी,	गाई, भैंसी, बाख्रा
६	भक्तपुर	धान, मकै, गहुँ, तरकारी, आलु, पुष्प, च्याउ, मौरी, कागती, एभोकाडो, लप्सी,	कुखुरा, गाई
७	ललितपुर	धान, मकै, तरकारी, आलु, अदुवा, बेसार, कफी, चिया, पुष्प, च्याउ, मौरी, किवी, सुन्तला, कागती, एभोकाड़ो, लप्सी	कुखुरा, बाख्रा, भैंसी, रेन्बो ट्राउट
८	काठमाडौं	धान, मकै, गहुँ, तरकारी, आलु, दलहन, तोरी, पुष्प, च्याउ, कागती, नासपाती, लप्सी	कुखुरा, गाई
९	रसुवा	धान, मकै, गहुँ, कोदो, जौ, फापर, तरकारी, आलु, च्याउ, कागती, स्याउ	चौंरी, रेन्बो ट्राउट, भेडा, बाख्रा
१०	नुवाकोट	धान, मकै, गहुँ, फापर, जौ, तरकारी, आलु, दलहन, तोरी, लसुन, प्याज. कफी, च्याउ, कागती, लप्सी, किवी, खुर्पानी, स्ट्रबेरी	रेन्बो ट्राउट, भेडा, बाख्रा
११	धादिङ	धान, मकै, गहुँ, कोदो, फापर, तरकारी, आलु, अदुवा, कफी, च्याउ,लिची, कागती, सुन्तला	बाख्रा, गाई, भैंसी, रेन्बो ट्राउट, कुखुरा

१२	चितवन	धान, मकै, गहुँ, तरकारी, आलु, दलहन, तोरी, अदुवा, बेसार, कफी, पुष्प, च्याउ, मौरी, कागती, आँप, मेवा, केरा, एभोकाड़ो, लिची, सुन्तला	बाख्रा, माछा, गाई, भैंसी, कुखुरा, बंगुर
१३	मकवानपुर	धान, मकै, तरकारी, आलु, अदुवा, बेसार, अलैंची, कफी, च्याउ, मौरी, सुन्तला, कागती, एभोकाड़ो, किवी	माछा, गाई, बाख्रा, बंगुर, रेन्बो ट्राउट

अनुसूची-४

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

प्रस्ताव आह्वानको सूचनाको ढाँचा

प्रथम पटक प्रकाशित मितिः ... ...

... ... **(कार्यालयको नाम)** ... ... आ.व. ... ... को स्वीकृत वार्षिक कार्यकम अनुसार ... ... **(कार्यक्रमको नाम)** ... ... कार्यक्रम सञ्चालनका लागि ... ... **(कार्यक्रम सञ्चालनको लागि छनोट भएको स्थानीय तह)**....... अन्तर्गतका इच्छुक कृषि/पशुपालक तथा मत्स्यपालक कृषक समूह/सहकारी/निजी उद्यमी ... (नाम) ... ले यो सूचना प्रकाशित मितिले २१ (एक्काइस) दिनभित्र रु. दश (१०) को हुलाक टिकट टाँसी एक जिल्ला एक विशेष कृषि पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को अनुसूची-३ अनुसारका कागजातहरु संलग्न राखी अनुसूची-५ बमोजिमको ढाँचामा आवेदन ... ... **(कार्यालयको नाम)** मा दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रीत नपुगी दर्ता भएका प्रस्ताव छनोट प्रक्रियामा समावेश गरिने छैन।

नोटः

१. निर्देशनालय/कार्यालयले स्वीकृत कार्यक्रमको सान्दर्भिकता अनुसार आवश्यक परिमार्जन गरी सूचना प्रकाशन गर्न सक्नेछ।

२. एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ मन्त्रालय (molmac.bagamati.gov.np) वा निर्देशनालय (doad.bagamati.gov.np र dolfd.bagamati.gov.np) को वेबसाइटबाट डाउनलोड गरी हेर्न सकिनेछ।

अनुसूची-५
(दफा १० सँग सम्बन्धित)

कार्यक्रममा समावेश हुनका लागि पेस गर्ने आवेदनको ढाँचा

मितिः ....

श्रीमान कार्यालय प्रमुख

....

बिषयः एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रममा सहभागी हुन पाउँ।

महोदय,

ताहाँ................कार्यालयको मिति..........................मा प्रकाशित सूचना अनुसार आ.व.............. मा...................... जिल्लामा सञ्चालन हुने एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम अन्तर्गत निर्धारित क्षेत्रभित्र सञ्चालन हुने.........बाली/वस्तुका लागि तपसिल बमोजिमका कृषि कार्यमा आवद्ध ....समूह/सहकारी/निजी फर्म/कम्पनी इच्छुक भएकाले सो क्षेत्रभित्र कार्यक्रममा सहभागी गरिदिनुहुन यो निवेदन पेस गरेको/का छु/छौं।

क्र.सं.	आवेदकको नाम	संस्थाको नाम/ठेगाना	स्थानीय तह	वडा नं.	कृषक संख्या	प्रस्तावित बाली/वस्तुको क्षेत्रफल/संख्या
१						
२						

निवेदनका साथ संलग्न हुनुपर्ने कागजातहरु

- सम्बन्धित निकायमा दर्ता/नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि,
- गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- कार्यक्रम सञ्चालन हुने स्थानीय तहको सिफारिस,
- सञ्चालकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,
- लालपुर्जाको प्रतिलिपि/लिजको हकमा लालपुर्जा सहित प्रमाणित करारनामा पत्र,
- अन्य आवश्यक कागजात।

निवेदकः

नामः

संस्थाः

फोन नं.:

छापः

प्रदेश सरकार
कृषि विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची -६
(दफा १० सँग सम्बन्धित)

प्रस्ताव-पत्र

क) प्राविधिक प्रस्तावः		
१	प्रस्तावित कार्यक्रमको नाम	
२	कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना	
३	प्रस्तावकको नाम	
४	ठेगाना	
५	प्रस्तावकको सम्पर्क मोवाइल नं.	
६	प्रस्तावकको इमेल ठेगाना	
७	प्रस्तावक संस्थाको दर्ता नम्बर	
८	दर्ता भएको निकाय र दर्ता मिति	
९	संस्था दर्ता वा स्थापना पश्चातको अवधी (वर्षमा)	
१०	भ्याट/पान दर्ता नम्बर	
११	प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु.	
१४	प्रस्तावित कार्यक्रमको उद्देश्यः	
१४.१		
१४.२		
१४.३		
१५	प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः	

१५.१	सडक सुविधा (छ/छैन)		नजिकको बजारको नाम	
१५.२	कस्तो सडक छ (कच्ची/पक्की)		बजार सम्मको दुरी (कि.मी.)	
१५.३	बिजुलीको सुविधा (छ/छैन)		सदरमुकाम देखिको दुरी (कि.मी.)	
१५.४	खानेपानीको सुविधा (छ/छैन)		जग्गाको स्वामित्व (आफ्नै/लिजमा)	

१६	प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः					
१७	लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको सङ्ख्या)	पूरुष	महिला	दलित	जनजाति	अन्य
१८	कार्यक्रममा सहभागी हुने कृषकहरुको विवरण					

क्र.सं.	कृषकको	ठेगाना	जग्गाको विवरण	कैफियत

मा. मधुसुधन पौडेल

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

	नाम, थर		कित्ता नं.	जग्गाको क्षेत्रफल (रोपनी)	

१९	क्रियाकलाप कार्यान्वयन योजनाः												
	कार्यक्रम	श्रावण	भाद्र	आश्विन	कार्तिक	मंसिर	पौष	माघ	फाल्गुण	चैत्र	वैशाख	जेठ	आषाढ
१९.१													
१९.२													
१९.३													
१९.४													

२०	कार्यक्रम समाप्ती पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने):	
	अपेक्षित उपलब्धिहरु	परिमाण
२०.१		
२०.२		
२०.३		
२०.४		

२१	प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउनेः	
	प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना	सहकार्य हुने रकम रु.
२१.१		
२१.२		
२१.३		
२१.४		

२२	प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनीय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेल खाने मात्र):
२२.१	
२२.२	
२२.३	
२२.४	

२३	उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी रकम रु.	
२४	प्रस्तावित कार्यक्रम सम्बन्धी प्रस्तावकको अनुभव र तालिम भए अवधी समेत खुलाउनेः	
	अनुभव तथा तालिमहरु	अवधी

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

२४.१		
२४.२		
२४.३		
२४.४		

२५	प्रस्तावकसँग विद्यमान जनशक्ति विवरणः		
	जनशक्ति विवरण	शैक्षिक योग्यता	तालिमको नाम र अवधी
२५.१			
२५.२			
२५.३			
२५.४			

२६	प्रस्तावित कार्यक्रमले सिर्जना गर्ने थप रोजगारी संख्याः	

ख) आर्थिक प्रस्तावः

प्रस्तावमा उल्लिखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

क्र. सं.	मुख्य-मुख्य क्रियाकला पहरु	ईकाई	परिमाण	प्रति ईकाई दर	कुल लागत रकम रु.
१					
२					
३					
४					
५					
			जम्मा रकम रु.		

लगानीको श्रोत (स्वः लगानी वा ऋण वा सामूहिक लगानी) खुलाउनुपर्ने	

उल्लिखित सम्पूर्ण विवरणहरु सही रुपमा पेस गरेको छु/छौं। कहीं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको बेहोरा समेत अवगत गराउँदछु/छौं।

प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको

नामः	
पदः	
हस्ताक्षरः	
मितिः	
संस्थाको छापः	

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-७

(दफा १० सँग सम्बन्धित)

प्रतिबद्धतापत्र

श्रीमान् निर्देशक/कार्यालय प्रमुख
... ... (कार्यालयको नाम) ... ...

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ... ..., का दिन ... ... पत्रिकामा प्रकाशित सूचना अनुसार ... ... (ठेगाना)... ... ... स्थित ... ... (कृषक/संस्थाको नाम)... ... ... ले ... ...(कार्यक्रमको नाम) ... ... मा प्रस्ताव पेस गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिबद्धता व्यक्त गर्दछु/छौं। यदि यस प्रतिवद्धता पत्रमा केही झुठो ठहरिएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मञ्जुर रहेको बेहोरा समेत अनुरोध गर्दछु/छौं।

तपसिलः

१. यस कार्यक्रममा छनोट भएको खण्डमा दोहोरो अनुदान सुविधा लिने छैन।

२. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन।

३. कुनैपनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा परेको छैन।

४. छनोट भएको खण्डमा न्यूनतम ... वर्षसम्म व्यवसाय निरन्तर सञ्चालन गर्नेछु/छौं।

औंठा छाप

दायाँ	बायाँ

आवेदकको

नामः

पदः

ठेगानाः

संस्थाको छापः

सम्पर्क नं. :

मा. मधुसूदन पौडेल

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-८

(दफा १० सँग सम्बन्धित)

<u>कार्यक्रम सञ्चालन गरिने स्थानको नक्सा:</u>

उत्तर

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-९

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

स्थलगत प्रमाणीकरण प्रतिवेदनको ढाँचा

कार्यक्रमको नामः

प्रस्तावक संस्थाको नाम र ठेगाना :

स्थलगत प्रमाणीकरण गरेको मितिः

१. भौतिक पूर्वाधारको अवस्थाः

भौतिक पूर्वाधार	भए (√)/नभएको (x)	कैफियत
बाटो		
बिजुली		
पानी		
बजार सुविधा		
... ...		

२. बाली वस्तुको अवस्था

बाली वस्तु	क्षेत्रफल (हे.)/सङ्ख्या	वार्षिक उत्पादन परिमाण	कैफियत
फलफूल			
तरकारी			
मसला बाली			
अन्नबाली			
माछा			
मासु			
दुध			
....			
....			

३. बिक्री वितरणको अवस्था

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

बाली वस्तु	दैनिक बिक्री के.जी.	बजार

४. कृषि उपज/बाली वस्तुको अनुभव तथा तालिम विवरण

बाली तथा कार्यक्रम सँग सम्बन्धित विषय	अनुभव (संस्थागत तथा व्यक्तिगत	तालिमको विवरण (तालिम मिति तथा प्रदान गर्ने निकाय

५. प्रयोग भईरहेका संरचना/मेशिनरी औजार/उपकरणहरु तथा नवीन प्रविधिको विवरण

नाम	संख्या	विवरण

६. भौगोलिक/प्राविधिक हिसाबमा उपयुक्तता भए/नभएको: ... ...

७. संस्थाले गरेका नवीनतम कार्यहरु: ... ...

८. अन्य निकायबाट हालसम्म संस्थालाई प्रदान भएको अनुदानको विवरण:

९. स्थलगत निरीक्षण टोलीको राय:

छनोटका लागि सिफारिस गर्न उपयुक्त रहेको/ नरहेको: ... ...

१०. स्थलगत निरीक्षण गर्ने पदाधिकारीहरुको विवरण:

नाम	पद	कार्यरत कार्यालय	हस्ताक्षर

अनुसूची -१०

(दफा ५ को उपदफा २(ख) र दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

मूल्याङ्कन समितिबाट गरिने मूल्याङ्कन मापदण्डको ढाँचा

क्र.स.	विवरण	कूल अंक	कैफियत
१	प्रस्तावकको प्रकार	१०	समूह, सहकारी, निजि फार्म, कम्पनी
२	प्रस्तावकको व्यावसायिक कृषिमा अनुभव	१०	
३	प्राविधिक उपयुक्तता	१०	
४	प्रस्तावित कार्यक्रमबाट लाभान्वित कृषक सङ्ख्या र समावेशिता	५	
५	रोजगारी सिर्जना	५	
६	कार्यक्रमका लागि उपलब्ध जग्गाको स्वामित्व	१०	आफ्नै, भाडामा, संस्थाको नाममा/सदस्यको नाममा
७	कार्य योजनामा प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता, व्यावसायिकता र कार्यक्रमसंगको तालमेल	२५	
८	प्रस्तावित कार्यको नविनता	५	
९	आवेदकको संस्थागत तथा लगानी क्षमता	१०	
१०	उपलब्ध सुविधा, स्रोत तथा भौतिक पूर्वाधार	१०	सडक, बिजुली, पानी, लगायतका सुविधा तथा भण्डारण, प्रशोधन लगायतका पूर्वाधार

__नोट:__ मूल्याङ्कन समितिले सूचना प्रकाशन अगावै मूल्याङ्कनको मापदण्ड आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण एवं सहायक मापदण्ड बनाई सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ।

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची -११

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

सम्झौता-पत्रको ढाँचा

.... कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र श्री .... (यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल अनुसारका शर्तहरु पालना गर्ने गरी ....कार्यक्रम सञ्चालनका लागि द्विपक्षीय सम्झौता गरी बुझिलियौं/दियौं।

तपसिलः

(१) प्रथम पक्षले .... कार्यक्रम सञ्चालनको लागि कुल लागत अनुमान रकम मध्ये दोस्रो पक्षलाई रु. .... (अक्षरुपी...........................) बराबरको रकम सहयोग प्रदान गर्नेछ। प्रथम पक्षले उपलब्ध गराउने सहयोग बाहेको रकम दोस्रो पक्षले जुटाई कार्य पूरा गर्नु पर्नेछ।

(२) सम्झौता भएको मितिले ....दिनभित्र लागत अनुमान र क्रियाकलाप अनुसार कार्य सुरु गरिसक्नु पर्नेछ।

(३) दोस्रो पक्षले यहि .... साल ....महिना ...... गतेभित्र तोकिएको कार्य सम्पन्न गरि सक्नु पर्नेछ। कार्य सम्पन्नताको आधारमा रकम उपलब्ध गराईनेछ।

(४) दोस्रो पक्षले क्रियाकलापहरु उद्देश्य पुरा हुने गरी तोकिएको समयसीमाभित्र सम्पन्न गर्नुपर्नेछ।

(५) दोस्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा सम्झौता रकम र लागत साझेदारी भए सो को विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होर्डिङ बोर्ड राख्नुपर्नेछ। होर्डिङ बोर्डको ढाचाँ प्रथम पक्षले तोके बमोजिम हुनेछ।

(६) जग्गासम्बन्धी विवाद उत्पन्न भएमा दोस्रो पक्षले सोको समाधान आफैं गर्नुपर्नेछ।

(७) दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

(८) प्राविधिक जाँचपास गर्नुपर्ने कार्यक्रमको हकमा कार्यक्रम सञ्चालन गर्ने निकायले तोकेको कार्यक्रमको लागत अनुमान, लेआउट, डिजाईन सम्बन्धित विषयको प्राविधिकबाट जाँचपास गराउनु पर्नेछ।

(९) कार्यक्रम सञ्चालनार्थ आवश्यक पर्ने जग्गा सम्बन्धित साझेदारले व्यवस्था गर्नुपर्नेछ।

(१०) यस कार्यविधि अनुसार सम्झौता भएका साझेदारले सम्भव भएसम्म बाली बिमा गर्नुपर्नेछ। बिमा नगरेको अवस्थामा त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुगन गएमा सोको जिम्मेवार साझेदार स्वयं हुनेछ।

(११) कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुबै पक्षको आपसी सहमती अनुसार हुनेछ।

(१२) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन अनुसार हुनेछ।

प्रथम पक्षको तर्फबाटः	**दोस्रो पक्षको तर्फबाटः**
हस्ताक्षरः	हस्ताक्षरः

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

नामः पदः कार्यालयः	नामः पदः कार्यालयः
<u>रोहवर</u> हस्ताक्षरः नामः पदः कार्यालयः कार्यालयको छापः	<u>रोहवर</u> हस्ताक्षरः नामः पदः कार्यालयः कार्यालयको छापः

इति संवत् .... साल .... महिना .... गते रोज .... शुभम्

<u>नोट</u>ः निर्देशनालय/कार्यालयले स्वीकृत कार्यक्रमको आवश्यकता अनुसार आवश्यक परिमार्जन गरी सम्झौताको ढाँचा प्रयोग गर्न सक्नेछ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-१२

(दफा १४ को उपदफा (४) सँग सम्बन्धित)

स्व-घोषणा

श्रीमान् निर्देशक/कार्यालय प्रमुख
... ... (कार्यालयको नाम) ... ...

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ... ... का दिन ... ., कार्यक्रमका लागि प्रकाशित सूचना अनुसार ... ... जिल्ला ... ... पालिका स्थित ... ... कृषक/समूह/सहकारी/फर्म/कम्पनीले गत आर्थिक वर्ष ... ... मा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मातहतका निर्देशनालय/कार्यालय, स्थानीय तह, सङ्घीय सरकारबाट सञ्चालित परियोजनाबाट कृषि क्षेत्रको विकाससँग सम्बन्धित कार्यक्रम/क्रियाकलापको लागि अनुदान प्राप्त नगरेको बेहोरा स्व-घोषणा गर्दछु/छौं। चालु आर्थिक वर्ष ... ... मा सम्झौता अघि वा सम्झौता पश्चात अन्य निकायबाट सो कार्यक्रम/क्रियाकलापको लागि दोहोरो अनुदान लिएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानुन बमोजिम कारबाही/सजायको भागेदार हुन मञ्जुर रहेको बेहोरा समेत अनुरोध गर्दछु/छौं।

औंठा छाप

दायाँ	बायाँ

आवेदकको

नामः

पदः

ठेगानाः

संस्थाको छापः

सम्पर्क नं. :

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-१३

(दफा २० सँग सम्बन्धित)

सार्वजनिक सूचना पाटीको ढाँचा

(साइजः २ फिट*३ फिट मेटालिक प्लेट)

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

... ...

... ...

कार्यक्रम/आयोजनाको नामः ... ...

आयोजना सञ्चालन गर्ने समूह/ सहकारी/ निजी उद्यमीको नामः ... ...

ठेगानाः ... ...

कार्यक्रम/ आयोजनाको कुल लागतः रु. ... ...

प्रोत्साहन रकमः रु. ... ...

साझेदार संस्थाको सहभागिताः रु. ... ...

आयोजना अवधीः ... ... देखि ... ... सम्म

लाभग्राही सङ्ख्याः महिला ... ... पुरुष ... ... कुल ... ...

दलित ... ... जनजाति ... ... अन्य जाति ... ...

मा. मधुसूधन पौडेल